# तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

☏ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
*Website : www.tansenmun.gov.np*


पत्र संख्या :
चलानी नं. :

मिति २५ बैशाख, २०७७

## २५६४ औं बुद्ध जयन्तीको हार्दिक शुभकामना !

सर्वप्रथम २५६४ औं बुद्ध जयन्तीको अवसरमा तानसेन, पाल्पा निवासी लगायत सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपालको लुम्बिनीमा आजभन्दा २५६४ वर्ष अघि जन्मनुभएका सिद्धार्थ गौतम असल कर्मका कारण विश्वभर महामानव, शान्ति र मानव कल्याणका अग्रदुतको रुपमा परिचित हुनपुग्नु भयो । शान्ति, मानव हित र विश्व बन्धुत्वका सवालमा समर्पित सिद्धार्थ गौतम बुद्धले देखाउनु भएको सत्मार्ग बौद्ध धर्मावलम्वीका लागि मात्रै होइन सम्पूर्ण मानव जातिकै लागि अनुकरणीय छन् । काम, क्रोध, लोभ, मोह त्यागेर शान्तिपूर्ण समाज निर्माणका लागि गौतम बुद्धले पुऱ्याउनु भएको योगदान, बुद्ध दर्शनको संरक्षण हामी सबैको दायित्व हो । बुद्धजन्मस्थल लुम्बिनी अनि उहाँसँग जोडिएका स्थलहरु तिलौराकोट, रामग्राम, देवदह, निग्लिहवा, गोटिहवा, अरौराकोट, सग्रहवा, तानसेन लगायतको खोज अनुसन्धान र ती क्षेत्रको समयोचित विकास गरी पर्यटकीय सम्भावना उजागर गर्नका लागि स्थानीय, प्रदेश र नेपाल सरकारको सहकार्य आजको आवश्यकता हो । तानसेनमा जन्मनु भएका भिक्षु अमृतानन्द लगायतले बुद्ध उपदेश र दर्शनको प्रचार, प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको तथ्य स्मरणयोग्य रहेको छ । तानसेनमा रहेका बुद्धविहार लगायतका ऐतिहासिक सम्पदा र भिक्षुहरुको कर्मले समेत लुम्बिनीसँग तानसेन, पाल्पाको सम्वन्ध रहेको तथ्य पुष्टि गर्दछन् ।

कोरोना भाइरस विरुद्ध विश्व लडिरहेको वर्तमान अवस्थामा विश्व शान्तिको कामना गर्दै कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा राहतमा खटिएका चिकित्सक एवम् स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयसेवक, सञ्चारकर्मीहरुको सम्मान तथा कोरोनाका कारण दिवंगत भएकाहरुको आत्माको चिरशान्तिका लागि आज बेलुका सबैले दीप प्रज्ज्वलन गरौं । अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कौं, लकडाउनको पालना गरौं । कोरोना विरुद्धको संघर्षलाई सबै मिलेर सफल बनाऔं । कृषि लगायत उत्पादनमूलक क्षेत्रमा निश्चित दूरी कायम गरी काम गरौं । कोरोनाका कारण समस्यामा परेकाहरुलाई मानवीय सहयोग गरौं ।

अन्त्यमा, २५६४ औ बुद्ध जयन्तीको अवसरमा पुनः सम्पूण आमाबुबा, दिदीबहिनी तथा दाजु भाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

Scanned with CamScanner